संघीय संसद

# प्रतिनिधि सभा, २०७९

छैटौं अधिवेशन

बैठक संख्या – २२

## दैनिक कार्यसूची

२०८२ जेठ १५ गते, बिहीबार

(दोस्रो बैठक)

दिनको ५:०० बजे

### वार्षिक अनुमानको प्रति टेबुल

१. माननीय उपप्रधानमन्त्री तथा अर्थ मन्त्री विष्णु प्रसाद पौडेलले आ.व. २०८२/०८३ को राजश्व र व्ययको वार्षिक अनुमानको प्रति टेबुल गर्नुहुने।

### व्यवस्थापन कार्य

२. माननीय उपप्रधानमन्त्री तथा अर्थ मन्त्री विष्णु प्रसाद पौडेलले "आर्थिक विधेयक, २०८२" प्रस्तुत गर्नुहुने।

### शोक प्रस्ताव

३. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुनेः-

"प्रतिनिधि सभाको यो बैठक नेपाली काँग्रेस पार्टीको तर्फबाट वि.सं. २०४८ र २०५१ को आम निर्वाचनमा प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित र वि.सं. २०६४ मा संविधान सभा सदस्य पदमा दैलेख जिल्ला निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित, नेपाल सरकारका पूर्व भौतिक योजना तथा निर्माण एवं यातायात सहायकमन्त्री र स्थानीय विकास राज्यमन्त्री, नेपालको लोकतान्त्रिक आन्दोलनहरुमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका गणेशबहादुर खड्काको ८२ वर्षको उमेरमा मिति २०८२ साल जेठ १५ गते दैलेख स्थित आफ्नै निवासमा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ।"

पद्म प्रसाद पाण्डेय
महासचिव